# त्रिवेणी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लुहाम, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.सं. :- ०७९/८०

च.नं. :-

मिति : २०७९।०५।१०

**रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति :- २०७९।०५।१०)

यस त्रिवेणी गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७९/०८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ जना |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभव :-

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

ख. दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा तीन महिनाको तालिम लिएको ।

२. दरखास्त दिने स्थान :- त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय, लुहाम, सल्यान ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७९।०५।२४ (सो दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्टसम्म) ।

४. आवेदनको दस्तुर :- रु. ५००। -पाँच सय मात्र )

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।

६. आवेदनसाथ संलग्न कागजातहरु :-आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिको कागजातको प्रतिलिपीहरु

क. नागरिकता

ख.न्यूनतम् योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग. चारित्रिक प्रमाणपत्र

घ. तालिमको प्रमाणपत्र

ङ. अनुभव भए सोको कागजात

च. २ प्रति पासपोर्ट फोटो

छ. सेवासुविधा तथा अन्य :- स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ । (आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रम तथा गाउँपालिकाको वेवसाईटबाट उपलब्ध हुनेछ । )

थप जानकारीका लागि सम्पर्क श्री कमल बहादुर महत, रोजगार संयोजक सम्पर्क नं : ९८४१७१२६७७ र श्री राजेश खड्का, प्राविधिक सहायक, सम्पर्क नं : ९८६९९४०९०१

............

बसुन्धरा पुन

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत